# विषय सूची


परिचय ३

निकुञ्जको उद्धेश्यहरू ४

जैविक विविधता ४

:tgwf/L jGohGt' 4

जलसम्पदा ६

भौतिक पुर्वाधार तथा मानव श्रोत साधन: ६

निकुञ्जबाट उपलब्ध विभिन्न वातावरणीय सेवाहरू ९

d'Vo ;]jfx? 9

**lkpg] kfgLsf] cfk"lt{ (Drinking Water Supply)** 9

**hn ljB't pTkfbg (Hydropower Production)** 9

**l;+rfO{ (Irrigation)** 9

**jg:klt tyf jGohGt'sf] jf;:yfg (Habitats for flora and fauna)** 9

**sfj{g ;+lrlts/)f (Carbon sequestration)** 9

**ljljw ljifosf] cWoog cg';+wfg (Research on flora, fauna, culture, environment etc)** 10

**b}lgs pkef]Uo j:t'x? #f¤;, bfp/f, ;f]Q/, sf& (Grass, Fuel wood, Timber, Litter)** 10

**Af^f] #f^f] (Trail/Roads)** 10

;xfos ;]jfx? 10

मृग अनुसन्धान केन्द्र १०

सुनौलो कालिज पालन केन्द्र ११

निकुञ्जमा भएको वन डढेलो र सो को नियन्त्रण ११

बन्यजन्तुको उद्धार सम्वन्धी विवरण (आ.व. ०६७०६८) १३

तालीम/गोष्ठी १४

शि.ना.रा.नि. क्षेत्र भ्रमणमा आउनु भएका विशिष्ठ व्यक्तिहरू १५

मुद्दाको विवरण १६

आ.व. २०६७/०६८ मा शि.ना.रा.नि. को पर्यटकहरूको स्थिती १७

शिवपुरी नागार्जुन रा.नि.को आ.व. २०६७/०६८ को राजश्व १८

आ.व.२०६७/०६८मा खरिद भएका जिन्सी सामानहरू १९

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा विद्यमान समस्याहरू १९

1= sd{rf/Lx?sf] sdL 19

2= >f]t, ;fwg tyf k"jf{wf/df sdL 20

**s= sd{rf/L cfjf;** 20

**v= ;jf/L ;fwg** 21

**u= lgsÚ`hsf] kvf{n** 21

**#= jgky** 21

3= uf]bfj/L d[u cgÚ;Gwfg s]Gb| 21

4= gfufh'{gsf] ;'gf}nf sflnh (Golden Pheasants) 22

5= jGohGt'af^ x'g] IftLsf] IftLk"lt{ jf /fxt 22

6= l;df Joj:yfkg 23

7= gfufhÚ{g If]qdf /x]sf] ;Ú/Iff lgsfo 24

8= u)f;+usf] ;dGjo 24

9= lh=lj=;= tyf cGo ;/sf/L lgsfoaf^ x'g] ljsfz lgdf{)f sfo{x? 24

11= *(]nf] 25

12= lgs'`hsf] dWojtL{ If]q #f]if)ff tyf dWojtL{ kmf+^sf] Joj:yf 25

13= jGohGt's]f p$f/sf] Joj:yf 25

14= l;d;f/sf] Joj:yfkg 25

15= l;dfgfsf ?vx? x^fOlbg dfu 25

16= gLltut ;d:of 26

**s= zfxl;s v]ns'bsf] b:t'/** 26

**v= lgs'`hsf] %'^\^} lgodfjnL tof/ ug]{ -PES sf] cjwf/)f¤_** 26

**u= rf]/L lzsf/ k|lt/f]w O{sfOsf] Joj:yf** 26

# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज

## परिचय

शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज काठमाण्डौको उत्तर र पश्चिममा अवस्थित राजधानी देखी सबैभन्दा नजिकको (काठमाण्डौको रत्नपार्क देखी निकुञ्जको मुख्य कार्यालय पानीमुहान सम्म १७ कि.मि.) निकुञ्ज हो । यो निकुञ्ज शिवपुरी र नागार्जुन दुइवटा छुट्टाछुट्टै रहेका वनक्षेत्रहरूलाई समेटेर घोषणा गरिएको हो । यस निकुञ्जले बागमती अञ्चलका काठमाण्डौं, नुवाकोट, सिन्धुपाल्चोक र धादिङ गरी चार जिल्लाका आंसिक भागहरू गरी जम्मा १५९ व.कि.मि. क्षेत्रफलमा फैलिएर रहेको छ । जिल्लागत क्षेत्रफलको विस्तृत वर्णन तलको तालिकामा देखाइएको छ:

| क्र.सं. | वन क्षेत्रको अवस्थिति | क्षेत्रफल (वर्ग किलोमिटरमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | सिन्धुपाल्चोक | नुवाकोट | धादि | काठमाण्डौं | जम्मा |
| १ | **शिवपुरी वनक्षेत्र** | **१३** | **३६** | **०** | **९५** | **१४४** |
| २ | **नागार्जुन वनक्षेत्र** | **०** | **०** | **७.३** | **७.७** | **१५** |
| कूल | **दुवै क्षेत्रको गरी** | **१३** | **३६** | **७.३** | **१०२.७** | **१५९** |
| | कुल प्रतिशत (दुवैको) | ८.१८ | २२.६४ | ४.५९ | ६४.५९ | १००.०० |

*श्रोत: शि.ना.रा.नि. २०६७*




यो निकुञ्ज समुन्द्र सतह देखि १३५०–२७३२ मि. को उचाईमा अवस्थित छ । भौगोलिक रूपमा शिवपुरी क्षेत्र २७°४५' देखी २७°५२' उत्तरी अक्षँस तथा ८५°१६' देखी ८५°४५' पूर्वी देसान्तर र नागार्जुन क्षेत्र २७°४३' देखी २७°४६' उत्तरी अक्षँस तथा ८५°१३' देखी ८५°१८' पूर्वी देसान्तर सम्म फैलिएर रहेको नेपालको मध्य पहाडको प्रतिनिधित्व गर्ने यो एक मात्र निकुञ्ज हो ।

यस क्षेत्रको संरक्षणको इतिहासलाई हेर्दा सन १९७६ मा जलाधार संरक्षण क्षेत्रको रूपमा शिवपुरी जलाधार संरक्षण वोर्डद्वारा संरक्षण सुरू गरि १९७८ मा शिवपुरी संरक्षीत जलाधार क्षेत्र कायम भएको पाइन्छ । त्यसैगरी सन १९८४ मा शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष घोषणा भएको थियो । यसै नामानुसार यस क्षेत्रको आवस्यक संरक्षण तथा व्यवस्थापनका कार्यहरू हुदै जांदा यो क्षेत्रको महत्वलाई अझै बढि मूल्याङ्कन गरी सन २००२ मा नेपाल सरकारबाट शिवपुरी राष्ट्रिय निकुञ्जको रूपमा राजपत्रमा सूचना प्रकाशित भएको थियो ।

नागार्जुन वनक्षेत्र तत्कालिन राजा विरेन्द्रको निजि वनको रूपमा रहेको र राजा विरेन्द्रको वंशनास भइसकेको परिवेशमा देशको राजनैतिक परिवर्तन संगै सो वनक्षेत्रलाई राष्ट्रियकरण गर्ने राजनैतिक निर्णयानुसार सन २००९ मा १५ व.कि.मि. क्षेत्रफल ओगटेको नागार्जुन वन क्षेत्रलाई समेत शिवपुरी राष्ट्रिय निकुञ्जमा गाभि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नामाकरण गरिएको छ ।

## निकुञ्जको उद्धेश्यहरू

⇒ जैविक विविधता संरक्षण गर्ने ।

⇒ निकुञ्जको जलाधार क्षेत्रलाई उचित संरक्षण र व्यवस्थापन गरि दिगो रूपमा खानेपानीको उत्पादन गर्ने ।

⇒ पर्यापर्यटनको माध्यमवाट पर्यटन व्यवसायको विकास गर्ने ।

⇒ संरक्षण शिक्षँका लागी निकुञ्ज क्षेत्रलाई नमुनाको रूपमा विकास गर्ने ।

⇒ मध्यवर्ती क्षेत्र कार्यक्रम मार्फत जैविक विविधता संरक्षण तथा सामुदायिक विकासमा स्थानिय वासिन्दाहरूको सहभागीता वढाउने ।

## जैविक विविधता

यस निकुन्जले नेपालको मध्य–पहाडी क्षेत्रको जैविक विविधताको प्रतिनिधित्व गर्दछ । क्षेत्रफलमा सानो भएता पनि यसको उचाईगत विविधता (औषत समुद्र सतह देखि १३५० मी. बाट २७३२ मी. सम्म) ले गर्दा वनस्पतीहरूको विविधता प्रचुर छ । यस क्षेत्रभित्र मुख्यत Lower Mixed Hardwood Forests, Chirpine Forests, Upper Mixed Hardwood Forests, Oak Forests लगायत चार प्रकारका वन पाइन्छन् । यसैगरि ३५ प्रजातीका गैरकाष्ठ वन पैदावार पाईन्छ जसमध्ये लोक्ता, वोभ्रो, धसिंगरे, १२९ प्रजातीका च्याउ महत्वपूर्ण छन् । यस निकुन्जमा जम्मा ५० प्रजातीका रैथाने समेतका १२५० प्रजातीका फूल फूल्ने वनस्पती प्रजाती पाईन्छन् (शि.ना.रा.नि., २०१०) ।

### स्तनधारी वन्यजन्तु

शिवपुरी नागार्जुन रा.नि. क्षेत्रमा रा.नि.तथा व.ज.सं. ऐन, २०२९ को अनुसूची १ मा रहेका ५ प्रजातिका पूर्ण संरक्षीत जनावर जस्तै ध्वांसे चितुवा, खैरो सालक, कालो सालक, चरीबाघ, र आसामी वांदर समेत गरी २२ भन्दा बढी प्रजातिका ठूला स्तनधारी जनावरहरू पाईन्छन् । जुन तलको तालिकामा देखाइएको छ :

**शिवपुरी नागार्जुन रा.नि. क्षेत्रमा पाइने मुख्य स्तनधारी जनावरहरू**

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ध्वांसे चितुवा | Clouded leopard | *Pardofelis nebulosa* |
| २ | सालक | Indian Pangolin | *Manis crassicaudata* |
| ३ | सालक | Chinese Pangolin | *Manis pentadactyla* |
| ४ | चरीबाघ | Leopard cat | *Prionailurus bengalensis* |
| ५ | आसामी बाँदर | Asamese Monkey | *Macaca asamensis* |
| ६ | चितुवा | Common leopard | *Panthera pardus* |
| ७ | घोरल | Ghoral | *Naemorhedus goral* |
| ८ | हिमाली कालो भालु | Himalayan Black Beer | *Ursus thibetanus* |
| ९ | जरायो | Sambar Deer | *Cervus unicolor* |
| १० | जंगली बिरालो | Jungle Cats | *Felis chaus* |
| ११ | रातो बांदर | Rhesus Monkey | *Macaca mulata* |
| १२ | लंगुर | Hanuman Langur | *Semnopithecus intellus* |
| १३ | रतुवा मृग | Barking Deer | *Muntiacus muntijak* |
| १४ | वंदेल | Wild pig | *Sus scrofa* |
| १५ | खरायो | Indian Hare | *Lepus nigricollis* |
| १६ | मलसाप्रो | Martin | *Martes flavigula* |
| १७ | ठूलो निर बिरालो | Large Indian Civet | *Viverra zibetha* |
| १८ | हिमाली निर बिरालो | Himalayan Palm Civet | *Paguma larvata* |
| १९ | स्याल | Jackal | *Canis aureus* |
| २० | दुम्सी | Porcupine | *Hystrix brachyura* |
| २१ | कोइरालो | Flying Squirrel | *Callosciurus pygerythrus* |
| २२ | लोखर्के | Mongoose | *Herpestes edwardsii* |
| | चमेराहरू | Bats | |

रैथाने तथा वसाईसराई गरि आउने चराहरूले समेत यस निकुन्जलाई प्राकृतिक वासस्थानको रूपमा प्रयोग गरेको पाईन्छ । यस निकन्ज क्षेत्रमा जम्मा ३१२ प्रजातीका चराहरू रेकर्ड गरिएको छ जसमध्ये ११७ प्रजातीका वसाई सराई गरि आउने चराहरू पर्दछन् । यस निकुन्जमा पाईने चराहरूमध्ये White backed vulture, Himalayan grifبon, Black vulture, Beard vulture (Nepali, H.S. and Suwal R. 2007), Dark kite, Hen harrier, Northern goshwak, Sparrow hawk, Sikhra, Common buzzard, Asian Black eagle, Steppe eagle पाईन्छन् (BPP, 1995)। यसको अतिरिक्त Falco severus, Common tailorbird, Orange bellied leafbird, Green Magpie, Blue-throated Flycatcher, Bushchat, White rumped vulture, Indian Cuckoo, Eurasian Cuckoo, Bulbul, Blue robbin, Swift, Warbler and Bablers, Kalij pheasant आदि महत्वपूर्ण छन् ।

यस निकुञ्जमा १०२ प्रजातीका पुतलीहरू रेकर्ड गरिएको छ । जसमध्ये Kaise-I-hind butterfly (*Teinopalpus imperalis*), Susceptible endemic sub species of *Oryolyce verdhana nepalica* (Smith, 1996), Himalayan dragonfly (*Epiophlebia laidla*) महत्वपुर्ण छन् ।

## जलसम्पदा

पहाडी भूभागवाट वग्ने स्थायी/अस्थायी नदी र खोलाहरू तथा साना ठुला पोखरी र तालका रूपमा यस निकुन्जमा सीमसार क्षेत्रहरू छन्। नेपालका महत्वपुर्ण सप्तकोशी, सप्तगडकी र वागमती नदीमा यहांका खोलाहरू गई मिसिन्छन् । यी मध्ये अधिकांश सिमसार वाग्मती जलाधार भित्र पर्दछन् भने उत्तरी भाग त्रिशुली नदीमा र पुर्वी भागवाट ईन्द्रावती नदीमा मिसिन्छ । वागमती नदीमा मिसिने प्रमुख खोलाहरूमा वागमती, स्यालमती, नागमती, विष्णुमती, अल्लेखोला आदि हुन भने त्रिशुली नदीमा मिसिने खोलाहरूमा चिसापानी खोला, हैबु खोला, रोल्चे खोला, ककनी खोला प्रमुख छन् । यसको अतिरिक्त ईन्द्रावती नदीमा मिसिने खोलामा न्ह्यु खोला, ठाडोखोला, हैबु खोला प्रमुख हुन् (SNNP, 2063/064)। उल्लिखित नदीहरूमध्ये वागमती नदी प्रणाँली अन्तर्गतका खोला तथा खोल्सा खोल्सीहरूवाट वग्ने पानीले काठमाडौं उपत्यकाको ४० प्रतिशत खानेपानीको मागलाई आपुर्ति गर्दै आएको छ (रा.प्र.सं.कोष, २००४) । मुख्यतया यस क्षेत्रवाट discharge हुने पानी खानेपानी प्रयोजनको अतिरिक्त सिंचाई, विद्युत, पानीघट्ट संचालन तथा धार्मिक स्नान जस्ता क्षेत्रमा प्रयोग हुंदै आएको पाईन्छ ।

## भौतिक पुर्वाधार तथा मानव श्रोत साधनः

शिवपुरी र यसको वरिपरिको भौतिक पूर्वाधारको विकासको अवस्था राम्रै रहेता पनि पर्याप्त भने छैन । निकुञ्जको दक्षिणतिर काठमाडौ तर्फका गा.वि.स.हरूमा सडक, विद्युत, दूरसंचार, सिंचाईको अवस्था राम्रो रहेको छ र नुवाकोट तर्फका गा.वि.स.मा भने टेलिफोन, विद्युत र सडक सुविधा अपर्याप्त देखिन्छ । सिन्धुपाल्चोकको भोटेचौर गा.वि.स.मा कच्ची सडक सुविधा मात्र भएकोले वर्षँद्को समयमा यातायात सुविधा कठिन हुन्छ । प्रायः सबैजसो गा.वि.स.हरूलाई ग्रामीण सडकको सञ्जालले छोएपनि अव्यवस्थित/अवैज्ञानिक रूपबाट खोलिएका त्यस्ता सडकबाट भएको अत्यधिक भू–क्षय र पहिरोले गर्दा खेतियोग्य भूमि र सिंचाई कूलोलाई असर परिरहेको छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको शिवपुरी क्षेत्र वरिपरि १११ कि.मि. लामो ढुा र माटोले वनाइएको पर्खाल जुन हालको अवस्थामा जिर्ण अवस्थामा मर्मत संभारको पर्खाइमा रहेको र करिव ९५ कि.मि. मोटरवाटो (मर्मत संभार हुन नसकेको कारणले आंसिकरूपमा मात्र संचालनको अवस्थामा) ले गर्दा निकुञ्ज वरिपरीका सवै गा.वि.स.हरूमा सडक मार्गको पहुाच पुऱ्याउन सहज भएको छ । त्यसैगरी नागार्जुन क्षेत्रको सिमानामा रहेको पर्खाल र परिक्रममा वनपथ ३४ कि.मि. समेत मर्मत संभार नभएको अवस्थामा रहेका छन् । यस राष्ट्रिय निकुञ्जहुँदै विभिन्न गाउंहरूमा जाने प्रयोजनको लागी तोकिएका सुविधाप्राप्त गोरेटो/घोडेटो वाटोहरू तथा पर्यटक पैदल मार्गहरू मर्मत संभारको पर्खाइमा अझैसम्म संचालनमा रहेका छन् ।

आन्तरिक तथा वाह्य पर्यटकहरूको सुविधाको लागी हाल जम्मा १८ वटा पिकनिक स्पट तथा क्याम्प साईटहरू संचालनमा छन् । निकुञ्ज सुरक्षँको लागी विगतमा शिवपुरी क्षेत्रमा विभिन्न २२ स्थानमा सुरक्षँ पोष्ट तथा प्रशासनिक कार्यालयहरूका रूपमा २ वटा सेक्टर कार्यालय र ६ वटा प्रवेशद्वार/पोष्टहरू रहेकोमा हाल ९ वटा मात्र सुरक्षँ पोष्ट तथा प्रशासनिक कार्यालयहरूका रूपमा २ वटा सेक्टर कार्यालय र ६+२ वटा प्रवेशद्वार/पोष्टहरू संचालनमा छन् । नेपाल

सरकारवाट स्वीकृत दरवन्दि अनुसार यस निकुञ्ज सुरक्षँ तथा व्यवस्थापनको लागी प्रशासनिक र वन प्राविधिक गरि (स्थायी, अस्थायी र करार समेत) जम्मा ६० जना कर्मचारी रहेकोमा सन २००९ मा थप भएको नागार्जुन क्षेत्र, त्यस क्षेत्रको रानीवनमा रहेको सुनौला कालिज पालन केन्द्र र फूलवारी गेटमा रहेको प्रवेशद्वारका साथै तत्कालीन समयमा रा.नि.तथा व.ज.सं. विभाग मातहतमा रहेको गोदावरी मृग अनुसंधान केन्द्र समेत यस शि.ना.रा.नि. को थप जिम्मेवारी हुंदा समेत थप कर्मचारी र वजेटको व्यवस्था हुन सकेको छैन । सुरक्षँकर्मी तर्फ शिवुरी क्षेत्रमा नेपाली सेनाको कालीबहादुर गण र नागार्जुन क्षेत्रमा भैरव प्रसाद गण निकुञ्जको सुरक्षँर्थ कार्यरत छन् ।

**शि.ना.रा.नि. मा वर्तमान अवस्थामा कार्यरत कर्मचारीहरूको अवस्था (२०६८।०३।३२)**

| सि.नं. | पद नाम | दरवन्दी संख्या | पूर्ति स्थायी | पूर्ति अस्थायी | पूर्ति करार | पूर्ति जम्मा | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख संरक्षण अधिकृत | १ | १ | ० | ० | १ | ० | |
| २ | सहायक संरक्षण अधिकृत (ने.पा.वा.ला.) | १ | १ | ० | ० | १ | ० | हाल कृष्णसार संरक्षण क्षेत्रका काजमा कार्यरत । |
| ३ | सहायक संरक्षण अधिकृत (स्वायल कन्जरभेसन) | १ | ० | ० | ० | ० | १ | स्थायी पदपूर्तीका लागि माग आकृति फाराम सहीत लो.से.आ. मा पठाईदिनका लागि विभागमा अनुरोध गरीएको । |
| ४ | इन्जिनियर | १ | ० | १ | ० | १ | ० | " " " |
| ५ | रेञ्जर (ने.पा.वा.ला.) | ५ | ४ | ० | ० | ४ | १ | २ पद स.सं.अ. मा बढुवा भई कार्यरत । बाँकी सरूवा पदपूर्तीका लागि विभागमा अनुरोध भएको । |
| ६ | रेञ्जर (ज.फ.) | १ | १ | ० | ० | १ | ० | |
| ७ | लेखापाल | १ | १ | ० | ० | १ | ० | ले.अ. मा बढुवा भइ कार्यरत । |
| ८ | नायव सुब्वा (प्र.) | १ | १ | ० | ० | १ | ० | शा.अ.मा बढुवा भई कार्यरत । |
| ९ | नायव सुब्वा (कानून) | १ | १ | ० | ० | १ | ० | |
| १० | सब इन्जिनियर | १ | ० | १ | ० | १ | ० | स्थायी पदपूर्तीका लाीग लो.से.आ. मा माग पठाएको । |
| ११ | कम्प्युटर अपरेटर | १ | ० | ० | ० | ० | १ | स्थायी पदपूर्तीका लाीग लो.से.आ.मा माग पठाएको । |
| १२ | खरिदार | ७ | ६ | ० | ० | ६ | १ | स्वैच्छिक अवकाश लिई रिक्त । स्थायी पदपूर्तीका लाीग लो.से.आ. मा माग पठाएको । २ जना बाहिर काजमा कार्यरत । |
| १३ | सिनियर गेमस्काउट | ४ | ४ | ० | ० | ४ | ० | |
| १४ | वन कार्यसहायक | २ | १ | ० | १ | २ | ० | स्थायी पदपूर्तीका लाीग लो.से.आ.मा माग पठाएको । |
| १५ | गेमस्काउट | २० | ९ | ० | ७ | १६ | ४ | रिक्त पदमा स्थायी पूर्तिका लागि लो.से.आ. मा माग पठाएको । |
| १६ | वन रक्षक | ४ | ० | ७ | ० | ७ | -३ | (स्वीकृत दरवन्दी भन्दा बढी अस्थायी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कर्मचारी कार्यरत रहेको। सेवा अवकास हुदा दिइने सुविधा के कसरी गर्ने ञ) |
| १७ | कार्यालय सहयोगी | ३ | ० | ० | ३ | ३ | ० | |
| | **जम्मा** | **५५** | **३०** | **९** | **११** | **५०** | **५** | |
| १८ | सवारी चालक | **३** | ० | ० | ३ | **३** | **०** | **सेवा करारमा राख्ने स्वीकृत पद ।** |
| १९ | चौकिदार | **२** | ० | ० | २ | **२** | **०** | **सेवा करारमा राख्ने स्वीकृत पद ।** |
| | **जम्मा** | **५** | ० | ० | ५ | **५** | **०** | |
| | **कूल जम्मा** | **६०** | **३०** | **९** | **१६** | **५५** | **५** | |

नव गठित शिवपुरी राष्ट्रिय निकुञ्ज कार्यालयमा पदपूर्ति गर्नु पर्ने स्वीकृत दरवन्दी

| सि.नं | पद नाम | श्रेणी | सेवा | समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख संरक्षण अधिकृत | रा.प.द्वि.प्रा. | वन | ने पा वा ला | १ | |
| २ | सहायक संरक्षण अधिकृत | रा.प.तृ.प्रा. | वन | स्व.वा.क | २ | |
| ३ | अ.ईञ्जिनियर | रा.प.तृ.प्रा. | सिभिल ज.इं. | सिभिल जनरल | १ | |
| ४ | रेञ्जर | रा.प.अ.प्र.प्रा. | वन | ने पा वा ला | ५ | |
| ५ | रेञ्जर | रा.प.अ.प्र.प्रा. | वन | ज.फरेष्ट्रि | १ | |
| ६ | लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ७ | नायव सुव्वा | रा.प.अ.प्र. | प्रशासन | सामान्य | १ | |
| ८ | नायव सुव्वा | रा.प.अ.प्र. | न्याय | कानून | १ | |
| ९ | ओभरसियर | रा.प.अ.प्र.प्रा. | ईञ्जिनियारिङ | सिभिल जनरल | १ | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अ.प्र.प्रा. | विविध | विविध | १ | |
| ११ | खरिदार | रा.प.अ.द्वि. | प्रशासन | सामान्य | ७ | |
| १२ | वन कार्य सहायक | रा.प.अ.तृ.प्रा. | वन | ज.फरेष्ट्रि | २ | |
| १३ | सिनियर गेमस्काउट | रा.प.अ.तृ.प्रा. | वन | ने पा वा ला | ४ | |
| १४ | वन रक्षक | श्रेणी विहिन | | | ४ | |
| १५ | गेमस्काउट | श्रेणी विहिन | वन | ने पा वा ला | २० | |
| १६ | पियन | श्रेणी विहिन | | | ३ | |
| | जम्मा | | | | ५५ | |
| | | | | | | |

दरवन्दी सृजना नगरी सेवा करारमा लिने पद

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ड्राइभर | श्रेणी विहिन | | | ३ | |
| २ | चौकिदार | निम्नस्तर | | | २ | |
| | जम्मा | | | | ५ | |

अनुसूची - ५
नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

प.स. प्र.टि.८६/०६४/६५ चं.६३८

मिति: २०६४।६।१०
स्थान: सिंहदरवार

पद दर्ता फाराम

पद दर्ता हुने कार्यालयको नाम : शिवपुरी राष्ट्रिय निकुञ्ज कार्यालय, पानीमुहान, काठमाडौं ।

पद सृजना गर्न :
(क) सामान्य प्रशासन मन्त्रालयबाट सहमति भएको मिति :
(ख) अर्थ मन्त्रालयबाट सहमति भएको मिति : २०६४।३।३२
(ग) मन्त्रिपरिषद्बाट निर्णय भएको मिति : २०६४।५।२६
(घ) राजपत्र अनंकित भए मन्त्रालय स्तरबाट निर्णय भएको मिति

श्री निजामती किताबखाना

विषय: पद दर्ता गर्ने ।

उपर्युक्त निर्णयानुसार निम्न बमोजिम पद कायम हुने गरी पद दर्ता हुन ५ प्रति फाराम यसैसाथ संलग्न गरिएको छ । नियमानुसार पद दर्ता गरी सो को जानकारी यस कार्यालय र सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

१. मौजुदा पदको विवरण :

| क्र.सं. | पदको नाम | श्रेणी | सेवा | समूह | उप-समूह | जम्मा | शाखाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख संरक्षण अधिकृत | रा.प.द्वि. (प्रा.) | वन | ने.पा.वा.ला | | १ | | |
| २ | सहायक संरक्षण अधिकृत | रा.प.तृ. प्रा. | ,, | स्वायल एण्ड वाटर कन्जरभेसन | | २ | | |
| ३ | इञ्जिनियर | ,, | इञ्जि | सिभिल जनरल | | १ | | |
| ४ | लेखापाल | रा.प.अनं.प्र.(लेखा) | प्रशासन | लेखा | | १ | | |
| ५ | नायव सुब्बा | रा.प.अनं.प्र.(प्र.) | ,, | सा.प्र. | | १ | | |
| ६ | नायव सुब्बा | ,, | न्याय | कानून | | १ | | |
| ७ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र..(प्रा.) | विविध | विविध | | १ | | |
| ८ | ओभरसियर | ,, | इञ्जि | सिभिल जनरल | | १ | | |
| ९ | रेञ्जर | ,, | वन | ज.फ. | | १ | | |
| १० | रेञ्जर | ,, | वन | ने.पा.वा.ला | | ५ | | |
| ११ | खरिदार | रा.प.अनं.द्वि.प्र. | प्रशासन | सा.प्र. | | ७ | | |
| १२ | वन कार्य सहायक | रा.प.अन.तृ.प्रा. | वन | ज.फ. | | २ | | |
| १३ | सिनियर गेमस्काउट | ,, | वन | ने.पा.वा.ला | | ४ | | |
| १४ | वन रक्षक | श्रेणी विहिन | | | | ४ | | |
| १५ | गेमस्काउट | ,, | वन | ने.पा.वा.ला. | | २० | | |
| १६ | पियन | ,, | ,, | | | ३ | | |
| | | | | | जम्मा | ५५ | | |

द्रष्टव्यः- मौजुदा पदमा कुनै पद खारेज भई तल दफा २ मा उल्लेख भए बमोजिम पद दर्ता गर्नु पर्ने भए खारेज हुने पद यस महलमा उल्लेख नगरेर महल ३ मा उल्लेख गर्ने ।

D:\SAGAR\Prashasan 064-65\Post_register.doc

# निकुञ्जबाट उपलब्ध विभिन्न वातावरणीय सेवाहरू

## मुख्य सेवाहरू

### पिउने पानीको आपूर्ति (Drinking Water Supply)

शिवपुरी नागार्जुन रा.नि.को जलाधार क्षेत्रबाट काठमाडौं उपत्यका बासीहरूको लागि सुद्ध पिउने पानी, सफा हावा, बाढी नियन्त्रण, साँस्कृतिक, आमोद प्रमोद आदी जस्ता धेरै वातावरणीय सेवाहरू प्रदान भैरहेको छ । काठमाडौं उपत्यकामा यस क्षेत्रबाट ८.४ करोड लिटर पानी प्रतिदिन आपूर्ती भैरहेको छ (मास्के, २००८) । एक अध्ययनले शिवपुरी क्षेत्रमा ०.२४ बर्ग कि.मी. क्षेत्र सिमसारले ढाकिएको र यीनै सिमसारको काराले बागमती, सुनकोशी र त्रिसुली नदीमा पानीको Recharge भैरहेको छ ।

### जल विद्युत उत्पादन (Hydropower Production)

यस जलाधार क्षेत्रको पानी प्रयोग गरी सुन्दरीजल क्षेत्रमा ०.६४ मेगा वाट क्षमताको सुन्दरीजल जलबिद्युत आयोजना १९६३ मा स्थापना गरी संचालनमा आईरहेको छ । यस पछिको पानीलाई काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) ले पिउने पानीको रूपमा संकलन र वितरण गरि आएको छ । जल विद्युत उत्पादन गरि वितरण गर्दा जम्मा मुल्य रू १.१४ करोड प्रति वर्ष महशुल संकलन हुने गरेको तथ्याङ्क अभिलेख रहेको छ ।

### सिंचाई (Irrigation)

यसैगरी स्थानिय वासिन्दाहरूको सिंचाइको लागि आवश्यक पर्ने पानी समेत यसै निकुञ्जबाट उत्पत्ती भएका खोला तथा नदीहरूबाट भइरहेको छ । कती पानी सिंचाइकोलागि प्रयोग भइरहेको छ भन्ने एकिन तथ्याङ्क उपलब्ध छैन ।

### वनस्पति तथा वन्यजन्तुको वासस्थान (Habitats for flora and fauna)

निकुञ्ज स्थापनाको मूख्य उद्धेश्य मध्यको एक जैविक विविधताको संरक्षण तथा व्यवस्थापन हो । सोही अनुसार यस निकुञ्जमा रहेका विविध जैविक विविधता र तीनीहरूसंगको वातावरणीय अन्तर्सबन्धको संरक्षण तथा तीनीहरूलाई आवश्यक पर्ने वासस्थानको उपलब्धता पनि भइरहेको छ यस्को आर्थिक मूल्याङ्कन भएको छैन ।

### कार्वन संचितिकरण (Carbon sequestration)

वातावरणीय सन्तुलन राख्नमा वन जंगलको महत्वपूर्ण भूमिका रहन्छ । वातावरणमा भएको कार्वनको बढीमात्रालाई अवसोषित गरी राख्नुका साथै वातावरणमा कार्वन इमिसन हुनबाट रोक्नुका साथै Carbon tradeको लागि आवश्यक पूर्वाधार तयार हुन जान्छ ।

**विविध विषयको अध्ययन अनुसंधान (Research on flora, fauna, culture, environment etc)**

कुनै पनि व्यवस्थापनको आधारशिला अध्ययन अनुसन्धान नै हो । विभिन्न अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थी तथा सोधकर्ताहरूलाई वातावरण र जैविक विविधता सम्बन्धी अध्ययन गर्न यस क्षेत्रले महत्वपूर्ण भूमीका खेलेको छ । यद्यपी हालसम्म अध्ययन अनुसंधानको लागि शुल्क लिएर अनुमति दिने गरिएको छैन ता पनि यस बारेमा सोचिनु पर्ने समय भएको छ ।

**दैनिक उपभोग्य वस्तुहरू घाँस, दाउरा, सोत्तर, काठ (Grass, Fuel wood, Timber, Litter)**

रा.नि. तथा व.ज.सं. ऐन को प्रापधान अनुरूप निकुञ्ज क्षेत्रबाट घांस, दाउरा, काठ, सोत्तर जस्ता किसानका दैनिक आवश्यक्ता पूर्तिको व्यवस्था नभएता पनि अनाधिकृत रूपमा चोरी निकाशि हुने गरेको छ यस्को आर्थिक मूल्याङ्कन भएको छैन ।

**बाटो घाटो (Trail/Roads)**

वाटो घाटो तथा गोरेटो प्रयोगको आर्थिक विश्लेषण भएको छैन ता पनि यो पनि महत्वपूर्ण पारिस्थितिक सेवामा पर्दछ ।

## सहायक सेवाहरू

यसैगरी विभिन्न सहायक पारिस्थितिक सेवाहरू पनि उपलब्ध हुन्छन् जस्को पनि आर्थिक विष्लेषण पूर्णरूपमा हुन नसकेको अवस्था छ ता पनि आन्तरिक तथा वाह्च पर्यटन प्रवर्धनमा यी सेवाहरूको महत्व रहेको छ । जुन निम्नानुसार छन् :

- Recreation (Picnic spot, Hiking, biking, driving, Rock climbing and replenning, Canyoning)
- Decorative plants (Lycopodiun)
- Flowers
- Herbal medicines
- Vegetables, Fruits, Protein (Hunting of wildpig when they escape outside from NP)
- Bee keeping
- Meditation/religious performance
- Construction materials (Stones, Sand, Gravel/pebbles,
- Tree seeds
- Photography and videography



# मृग अनुसन्धान केन्द्र

मृग अनुसन्धान केन्द्र, गोदावरी नेपाल सरकार (राज्य मन्त्रिस्तर) को मिति २०४८ साल मंसीर १६ गतेको निर्णयानुसार नेपाल सरकार र University of Sydney/Dept. of Animal Health को

संयुक्त प्रयासमा वि.सं. २०४९ माघमा स्थापित भएको थियो । नेपाल सरकारवाट ल.पु. जिल्लाको गोदावरीमा जम्मा १० हेक्टर क्षेत्रफल प्राप्त गरि २०५० साल पौष देखि अनुसन्धान कार्य थालनी भएका थियो । सुरूका अवस्थामा यस केन्द्रमा कस्तरी मृग, रतुवामृग पालिएको भएता पनि हाल आएर रतुवा मृग र चित्तल मृगमात्र पालीएका छन् । यस आ.व. २०६७०६८ को अन्त्य सम्ममा अनुसन्धान केन्द्रमा रतुवा मृग (४ भाले तथा १० पोथी) जम्मा १४ र चित्तल मृग (भाले २०, पोथी १८ तथा वच्चा २) जम्मा ४० वटा रहेका छन् ।



## सुनौलो कालिज पालन केन्द्र

जिल्ला वन कार्यालय, काठमाण्डौंले सुनौलो कालिज पालन गर्दै आएकोमा नागार्जुन वन क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्जमा थप भए पछि यस शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा व्यवस्थापन हुँदै आएको छ । हाल पालन केन्द्रमा ६३ वटा भाले, ५० वटा पोथी तथा ४४ वटा चल्ला गरी जम्मा १५७ वटा रहेका छन् ।

## निकुञ्जमा भएको वन डढेलो र सो को नियन्त्रण

यस आ.व.मा निकुञ्जमा वन डढेलोको प्रकोप अत्यधिक रहेको र वर्षेनीरूपमा ठूलो क्षेत्रफल वन डढेलोले नष्ट पारी वन्यजन्तुको वासस्थान तथा जैविक विविधताको नोक्सानी भइरहेको छ । आवश्यक मात्रामा सुरक्षँ चौकि तथा प्रवेशद्वारहरू नभएको र तत्कालिन शिवपुरी राष्ट्रिय निकुञ्जमा कार्यरत सिमित कर्मचारीहरूबाट यस निकुञ्जमा थप भएको नागार्जुन क्षेत्र तथा गोदावरी मृग अनुसंधान केन्द्र समेतमा कार्य गर्नु परेको अवस्था छ । राजधानीको सबैभन्दा नजिकको निकुञ्ज भएकोले राजधानीबासीलाई आमोद प्रमोद गर्ने सुगमस्थान रहेकोले आन्तरिक पर्यटकको संख्या दिनानुदिन बढ्दैरहेको छ । यस निकुञ्जमा सुरूका दिनमा निकुञ्ज परिक्रमा वनपथ निर्माण (९५ कि. मि.) गरिएको भएता पनि मर्मत संभारको लागि आवश्यक बजेटाभावले गर्दा सो परिक्रमा पथको धेरैजसो भाग हाल प्रयोगको अवस्थामा नरहेको, निकुञ्ज भित्र वस्तिहरू रहेको, नुवाकोट, सिन्धुपाल्चोक र धादि जिल्लाहरूसंग निकुञ्जको सिमाना जोडिएको र परापूर्वकाल देखि प्रयोगमा आएका अनगिन्ती गोरेटोबाटो हालमा पनि प्रयोगमै रहेको । ती सबै गोरेटोबाटोहरूलाई समेट्नेखालका प्रवेशद्वारहरू नभएको कारणले गर्दा अनाधिकृत रूपमा मानिसहरू छिर्ने तथा विभिन्न दुर्व्यसनमा लागेका व्यक्तिहरूसमेत अनाधिकृत रूपमा प्रवेश गर्ने अवस्था विद्यमान रहेको छ । यसका अलावा यस निकुञ्जका जंगली जनावरहरूले स्थानिय वासिन्दाको वाली नाली तथा पाल्तु चौपायाहरूको नोक्सानी गरिदिने र त्यस्ता कार्यको समयमा क्षतीपूर्ती तथा राहतको व्यवस्था हुन नसक्दा पनि स्थानियबासी र निकुञ्ज बिचमा विवाद सिर्जना भएको अवस्था छ । निकुञ्ज सिमानाका वासिन्दाहरूको जीवनस्तर निम्नस्तरीय भएकोले अनाधिकृतमा दाउराहरू संकलन गर्ने र सो बापत निकुञ्जले गस्ति कडाइका साथ गरेको

अवस्थामा निकुञ्जका कर्मचारीहरूलाई दुख दिने र बदला चुकाउने नियतबस पनि विभिन्न वन डढलो लाग्ने कार्य भएको हुनसक्ने महसुस गरिएको छ ।

यस निकुञ्जमा यातायातको साधनको कमी, साधन चल्ने वनपथ मर्मतको अभावले हुनसक्ने मात्राको गस्तिमा कमी, भिरालो भौगोलिक अवस्था, धेरैजसो क्षेत्र सुक्खा रहेको र सिमाना नजिक सल्लाको वन भएको कारणले पनि वन डढेलो छोंटो समयमा धेरै क्षेत्रफलमा फैलने गरेको छ । यो आ.व. को फाल्गुण देखि चैत्रको २५ गते सम्ममा निम्नानुसारको वन डढेलो निकुञ्ज क्षेत्रमा भएको छ :

| आ.व. २०६७/०६८ मा निकुञ्जमा भएको वन डढेलो | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **मिति** | **आगलागी भएको स्थान वा क्षेत्र** | **आगलागी भएको स्थानको वनको प्रकार** | **क्षती भएको अन्दाजी क्षेत्रफल ( हे.)** |
| १ | २०६७।१०।२६ | शिवपुरीको तौलु | सल्ला प्रजाती | ८ |
| २ | २०६७।११।२६ | नागार्जुनको इचु/लवडांडा क्षेत्र | मिश्रित चौडापाते बुटयान र सल्ला प्रजाती | ३ |
| ३ | २०६७।१२।०२ | सुन्दरीजलको नागमती क्षेत्र | सल्ला प्रजाती | ८ |
| ४ | २०६७।१२।०६ | शिवपुरीको तौलु | सल्ला प्रजाती | ४ |
| ५ | २०६७।१२।०७ | शिवपुरीको हेलीप्याड क्षेत्र | सल्ला प्रजाती | २ |
| ६ | २०६७।१२।०७ | शिवपुरीको ककनी क्षेत्र | मिश्रित चौडापाते वन | २ |
| ७ | २०६७।१२।२० | शिवपुरीको टोखा झोर क्षेत्र | सल्ला प्रजाती | ४ |
| ८ | २०६७।१२।२१ | शिवपुरीको लिपिकोट क्षेत्र | सल्ला प्रजाती | ३ |
| ९ | २०६७।१२।२२ | शिवपुरीको झोर डांडागाउ क्षेत्र | मिश्रित चौडापाते बुटयान र सल्ला प्रजाती | ३० |
| १० | २०६७।१२।२४ | शिवपुरीको लिपिकोट अपा स्कूल क्षेत्र | सल्ला प्रजाती | ३ |
| ११ | २०६७।१२।२५ | नागार्जुनको फूलवारी क्षेत्र | मिश्रित चौडापाते वन | १० |

यसरी माघ देखि आ.व.को अन्त्यसम्म निकुञ्ज क्षेत्रमा विभिन्न ठांउमा गरी एगाहर (११) पटक वन डढेलो लागी अन्दाजी ७७ हेक्टर वन डढेलोले नष्ट पारेको छ ।

यो परिवेशमा यस कार्यालयले स्थानियवासीहरूलाई संझाइ बुझाइ गरी विभिन्न ठांउमा बन डढेलो रोक्न गांउस्तरका समितिहरू बनाई काम गरिरहेको भएता पनि जब डढेलो लाग्दछ सो बखतमा आगो निभाउने कार्यमा जाने कर्मचारी, नेपाली सेना तथा स्थानिय बासिन्दाहरूलाई डढेलो नियन्त्रण, आगो निभाउन जाने व्यक्तिहरूको जिउको सुरक्षँ कसरी गर्नु पर्दछ भन्ने ज्ञान तथा तालीमको अभाव तथा आगो निभाउन प्रयोग हुने उपकरणको अभावको कारणले वर्षेनी ठूलो क्षेत्रफल आगोले नष्ट पारी वन तथा जैविक विविधताको ह्रास भइरहेको छ । वन डढेलो नियन्त्रणबारे यस निकुञ्जमा आवश्यक उपकरण उपलब्धहुने व्यवस्था तथा निकुञ्ज कर्मचारी र संरक्षणमा खटिएका नेपाली सेनाहरूलाई आवश्यक तालीमको व्यवस्थाको पहल हुन रा.नि. तथा व.ज.सं. विभागमा अनुरोध गरिएको छ ।

# बन्यजन्तुको उद्धार सम्वन्धी विवरण (आ.व. ०६७।०६८)

**Chinese Pangolin 1**

इचंगुनारायण गा.वि.स. स्थित स्थानीय व्यक्तिको घरबाट एउटा Chinese Pangolin लाई उद्धार गरी यस निकुञ्जको पानीमुहान क्षेत्रमा छाडीएको ।

### रतुवा मृग १

मिति २०६८।०१।२५ गते चिसापानी प्रवेशद्धारको क्षेत्रमा स्थानीय वासीन्दाले आफ्नो आवादीमा आएको १ वटा रतुवा मृगको वच्चा समाति राखेकोमा उक्त प्रवेशद्धारको पहलमा सो रतुवा वच्चालाई यस कार्यालयमा बुझाउन लगाई निकुञ्जको पानीमुहान क्षेत्रमा ल्याई प्रकृतिक वातावरणमा छाडी उद्धार गरिएको ।

### रतुवा मृग २

सदर चिडियाखाना बाट विभिन्न मितिमा २ वटा रतुवा मृगलाई उपचार पश्चात यस निकुञ्जमा ल्याई छाडिएको ।

### चरिबाघको बच्चा ३

नयापाटी बाट उद्धार गरिएको चरिबाघको बच्चाहरू ३ वटालाई सदर चिडियाखानामा आवश्यक उपचार तथा हेरचाहको लागि पठाईएकोमा चिडियाखानामा ३ वटै वच्चाहरू मरेको जानकारी प्राप्त भएको ।

**Himalayan Civet 1**

यस निकुञ्जको विष्णुमति नदिको आसपासमा विरामी अवश्थामा भेटिएको Himalayan Civet लाई सदर चिडियाखानामा आवश्यक उपचार लागि पठाईएकोमा उपचार पश्चात चिडियाखानाको Exhibit मा राखिएको ।

**Munia, Parakeet लगायतका चराहरू**

जि.व.का. काठमाण्डौं, यस निकुञ्ज, BCN, Roots & Shoots लगायतका संस्थाहरूको संयुक्त अनुगमनमा विभिन्न ठाउबाट नियन्त्रणमा लिइएका विभिन्न जातका चराहरू मध्ये Munia, Parakeet लगायतका चराहरूलाई यस निकुञ्जमा ल्याई छाडिएको ।

**Brown Wood Owl 1**

जि.व.का. काठमाण्डौंले नियन्त्रणमा लिएको Brown Owl लाई यस निकुञ्जमा ल्याई छाडिएको ।

**Large Indian Civet 1**

वुढानिलकण्ठ क्षेत्रवाट कुकुरले टोकी सख्त घाइते अवस्थामा यस निकुञ्जलाई बुझाएको यस Civet लाई आवश्यक उपचार लागि चिडियाखाना पुरयाउने क्रममा मरेको ।

### रतुवा मृग १

वुढानिलकण्ठ सिमलि गाउंबाट घाइते अवस्थामा उद्धार गरिएको रतुवा मृगलाई उपचारार्थ सदर चिडियाखानमा पठाएकोमा मरेको सुचना प्राप्त भएको ।

**Common Leopard 2**

सदर चिडियाखानामा विभिन्न ठाउाबाट उद्धार गरी ल्याएको २ वटा चितुवालाई अवश्यक उपचार पछि यस निकुञ्जमा ल्याई प्राकृतिक वासस्थानमा छाडिएको ।

**Chinese Pangolin 1**

जिल्ला बन कार्यलय काठमाडौंले उद्दार गरी ल्याएको Chinese Pangolin 1 लाई यस निकुञ्जको नागार्जुन बन क्षेत्रको प्राकृतिक बास स्थानमा २०६८।०४।११ गते छाडिएको ।

**Male Barking Deer 1**

मिति २०६८ श्रावण १३ गते काठमाण्डौको मनमैजु क्षेत्रमा स्थानियबासीहरूले नियन्त्रणमा लिई राखेको भाले रतुवा मृग अन्दाजी १०□११ महिना उमेरको लाई Central Zoo sf Veterinary doctor समेतको सहयोगमा Dart गरी पानीमुहान नजिकको पुरानो नर्सरी क्षेत्रमा लगि पुनर्स्थापना गरिएको ।

# तालीम/गोष्ठी

### आ.व.२०६७/०६८ मा विभिन्न विषयका तालीम/गोष्ठीमा भाग लिएका कर्मचारीहरूको विवरण

| क.स | कर्मचारीको नाम | पद | विषय | स्थान | अवधि |
|---|---|---|---|---|---|
| १ | श्री केदारनाथ कटेल | स.सं. अधिकृत | प्राकृतिक जोखिम न्यूनिकरण | कृ.वि.बैंक, केन्द्रिय तालीम प्रतिष्ठान वोडे, भक्तपुर | २०६८।०२।२९ देखि २०६८।०३।०४ गते सम्म |
| २ | श्री ठाकुर प्रसाद आचार्य | ना.सु. कानून | Biodiversity Conservation, Law Enforcement & Conflict Management | सौरहा, चितवन | २०६८।०३।०४ देखि ०९ गते सम्म |
| ३ | श्री भोजराज पन्थ | रेञ्जर | मँनव अधिकार सम्वन्धी | राष्ट्रिय मानव अधिकार आयोग हेटौडा | २०६७।०८।०५ देखि २०६७।०८।१२गते सम्म |
| ४ | श्री विष्णु प्रसाद पाण्डे | रेञ्जर | Biodiversity Conservation, Law Enforcement & Conflict Management | सौरहा, चितवन | २०६८।०३।०४ देखि ०९ गते सम्म |
| ५ | श्री विकास तामा | वन रक्षक | Biodiversity Conservation and Law Enforcement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | श्री जिवन पोखरेल | सि. गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| ७ | श्री डिल्ली कुमार राई | सि. गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| ८ | श्री केशवराज भेटवाल | सि. गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| ९ | श्री माधव के.सी. | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १० | श्री रामकृष्ण अधिकारी | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| ११ | श्री सुरेश पौडेल | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १२ | श्री गणेश ब. श्रेष्ठ | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १३ | श्री श्रीप्रसाद पौडेल | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १४ | श्री अक्कल ब. वानिया | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १५ | श्री हरिशरण घर्ति | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |
| १६ | श्री श्याम कुईकेल | गेमस्काउट | Biodiversity Conservation and Law Enfocement | तालीम शाखा, ववरमहल | २०६८।०२।२३ देखि २५ गते सम्म |

# शि.ना.रा.नि. क्षेत्र भ्रमणमा आउनु भएका विशिष्ठ व्यक्तिहरू

१. माननिय वन तथा भू संरक्षण मन्त्री दिपक बोहराज्यूको शिवपुरी क्षेत्र भ्रमण
२. माननिय रक्षँ मन्त्री विद्या देवी भण्डारीज्यूको शिवपुरी क्षेत्र भ्रमण
३. माननिय वन तथा भू संरक्षण मन्त्री भानुभक्त जोशी र माननिय वन तथा भू संरक्षण राज्यमन्त्री भगवती चौधरीज्यूको नागार्जुन क्षेत्र भ्रमण
४. वन तथा भू संरक्षण मन्त्रालयका सचिव श्री युवराज भुसालज्यूको नागार्जुन क्षेत्र र दुई पटक शिवपुरी क्षेत्र भ्रमण
५. अ.दु.अ.आ.का सचिव श्री भगवती प्रसाद काफ्लेज्यूको भ्रमण
६. राष्ट्रिय सतर्कता केन्द्रका सचिव श्री ताना शर्माज्यूको भ्रमण
७. सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेलज्यूको ३ पटक भ्रमण
८. उपत्यका पृतनाका पृतनापति उपरथी श्री दमन कुमार घलेज्यूको दुई पटक शिवपुरी क्षेत्र भ्रमण
९. उपत्यका पृतनाका पृतनापति उपरथी श्री केशवराज महतज्यूको भ्रमण (नागार्जुन क्षेत्र र शिवपुरी क्षेत्र)
१०. १ नं वाहिनीका वाहिनीपती सहायक रथी श्री रमेश पुनज्यूको भ्रमण २ पटक
११. रा.नि.तथा व.ज.सं.विभागका महानिर्देशक श्री कृष्ण प्रसाद आचार्यज्यूको २ पटक नागार्जुन र २ पटक शिवपुरी क्षेत्रको भ्रमण


१२. क्षेत्रीय निर्देशकज्यू श्री राजदेव यादवज्यूको भ्रमण
१३. महामहिम अमेरिकन राजदुतको भ्रमण


# मुद्दाको विवरण

यस कार्यालयको गत आ.व.२०६७०६८ को ठाडो कारवाही वाट टुंगिने मुद्दाको विवरण निम्नानुसार रहेको छ ।

- ❖ कुल उजुरी र कार्वाही मुद्दा संख्या : ५२ थान
- ❖ पक्राउ परेका कूल अभियुक्त संख्या : २२९ जना
- ❖ कूल असूल भएको दण्ड जरिवाना रकम रू. ६१,८९२
- ❖ कूल जफत सामानको शिर्षक र संख्या ३९
  - → खुर्पा १६ थान
  - → नाम्लो १८ थान
  - → हासिया १ थान
  - → हाते करौती/आरा १ थान
  - → खुकुरी १ थान
  - → चक्कु १ थान
  - → मट्टीतेल स्टोभ १ थान
- ❖ अभियोगको प्रकृति र संख्या:
  - → पत्कर ओसारेको उजुरी संख्या ०५ थान
  - → घाँस दाउरा संकलन र ओसार पसारको उजुरी संख्या ०१
  - → सुकेको काठको दाउरा चोरी निकासीको उजुरी संख्या ३५
  - → काँचो दाउरा कटानी र चोरी निकासीको उजुरी संख्या ०६
  - → विना अनुमति निकुन्ज प्रवेशको कसुरमा पक्राउ पर्ने उपरको उजुरी संख्या ०५
  - → विविध उजुरी संख्या :
    - वनस्पति हानी नोक्सानी ×
    - चरा मारेको ×
    - वन्यजन्तु पक्रे/मारेको ×

# आ.व. २०६७/०६८ मा शि.ना.रा.नि. को पर्यटकहरूको स्थिती







# शिवपुरी नागार्जुन रा.नि.को आ.व. २०६७/०६८ को राजश्व

**शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको आ. व. २०६७/०६८ को राजश्व स्थिति:**

| सि.नं. | महिना | पर्यटक प्रवेश शूल्क | सवारी साधन प्रवेश शूल्क | क्याम्पिङ शुल्क | मुभि क्यामेरा शूल्क | दण्ड जरिवाना | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रावण | ३२०,८८०।४० | ६६,८९५।०० | २,०००।०० | १५,०००।०० | ३,५४२।०० | ०।०० | ४०८,३१७।४० |
| २ | भाद्र | २२०,५००।०० | ३९,८००।०० | ०।०० | ३,०००।०० | ०।०० | ०।०० | २६३,३००।०० |
| ३ | असोज | ४११,१८०।०० | ८५,५९०।०० | ५००।०० | ६,०००।०० | ७,७५०।०० | ०।०० | ५११,०२०।०० |
| ४ | कार्तिक | ५६७,२८०।०० | ९२,१९५।०० | ९००।०० | ०।०० | ७,६५०।०० | ०।०० | ६६८,०२५।०० |
| ५ | मंसिर | ४५६,६५०।०० | ११९,६८५।०० | ३,६००।०० | ९,०००।०० | ४,८५०।०० | ०।०० | ५९३,७८५।०० |
| ६ | पौष | ४८६,१८०।०० | ९८,८३५।०० | ०।०० | ०।०० | ७,८००।०० | १४४,७१४।१५ | ७३७,५२९।१५ |
| ७ | माघ | ४५०,७५०।०० | १७५,३१५।०० | २००।०० | ३,०००।०० | १०,७००।०० | ०।०० | ६३९,९६५।०० |
| ८ | फागुन | ४४५,९५०।०० | १५०,७४०।०० | २,९००।०० | ६,०००।०० | ९००।०० | १३,५४३।७४ | ६२०,०३३।७४ |
| ९ | चैत्र | ४८८,२५०।०० | १३२,९४०।०० | ९००।०० | ३,०००।०० | २,३००।०० | ९,२०७।१५ | ६३६,५९७।१५ |
| १० | वैसाख | २८६,४८०।०० | ४१,०१५।०० | १,७००।०० | ०।०० | ५,०००।०० | ९,५९२।०० | ३४३,७८७।०० |
| ११ | जेष्ठ | ४५१,३६०।०० | २०५,१७०।०० | ८००।०० | ०।०० | ६,८००।०० | १७,४८२।९६ | ६८१,६१२।९६ |
| १२ | असार | ३९४,८००।०० | १०४,२५०।०० | १,७००।०० | ३,०००।०० | ४,६००।०० | १०,०३४।४२ | ५१८,३८४।४२ |
| **कुल राजश्व** | | ४९,८०,२६०।४० | १३,१२,४३०।०० | १५,२००।०० | ४८,०००।०० | ६१,८९२।०० | २,०४,५७४।४२ | ६६,२२,३५६।८२ |

*अन्य शिर्षक भन्नाले टेण्डर फर्म विक्री (रू.१४८००।०), बेरूजु (रू.१३२३१४।१५), साइक्लिङ (रू.४७१६०।२७), र छ्याँगो खेल (रू.१०३००) गरी जम्मा रू. २,०४,५७४।४२ पर्दछ ।*



# आ.व.२०६७/०६८मा खरिद भएका जिन्सी सामानहरू

| क्र.सं. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्टिल दराज | १ थान | |
| २ | काठको खाट | ५ थान | |
| ३ | भ्याकुम क्लिनर | १ थान | |
| ४ | प्लास्टीक कुर्ची | ६ थान | |
| ५ | प्लास्टीक टेबुल | १ थान | |
| ६ | फोर इन वान प्रिन्टर | १ सेट | |
| ७ | ग्यास चुल्हो | १ सेट | |

# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा विद्यमान समस्याहरू

## १. कर्मचारीहरूको कमी

यो निकुञ्जको क्षेत्रफल सानो भए तापनि व्यवस्थापकिय हिसाबले यो कार्यालयमा कर्मचारीहरूको संख्या अत्यधिक कम रहेको छ। यो निकुञ्ज घोषणा हुंदाको बखतमा प्रवेशद्वारहरूको संख्या ६ वटा रहेको (चिसापानी, झुले, सुन्दरीजल, पानीमुहान, टोखा र ककनी) र सोही अनुरूप यहा रेञ्जर, खरिदार, सिनियर गेमस्काउट र गेमस्काउट/वन रक्षकहरूको संख्या क्रमश: १:१:१:४ का दरले ६:६:६:२४ गरी ४२ रहेकोमा हाल ती प्रवेशद्वारहरूको संख्या बढेर (महांकाल, र ढकालचौर) ८ वटा पुगेको तथा तत्कालिन नागार्जुन शाही वन विगतमा जि.व.का. काठमाण्डौबाट व्यवस्थापन भइरहेकोमा मिति २०६५।११।१२ को राजपत्रमा प्रकाशित सूचना अनुसार सो क्षेत्रपनि यस निकुञ्जमा गाभिए तापनि थप जनशक्तिको व्यवस्था भएन। सो क्षेत्रमा पनि फूलवारी प्रवेशद्वार विगत देखिनै प्रचलनमा रही रहेकोमा त्यसको अलावा थप ठाउंमा समेत प्रवेशद्वारहरू थप्नु पर्ने र संरक्षणको लागि अन्य पोष्टहरू समेत श्रृजना गर्नुपर्ने अवस्था रहेको हुंदा हुँदै कर्मचारीको कमीले गर्दा गर्नुपर्ने हदसम्मको संरक्षण कार्य हुन नसकेको अवस्था छ ।

यस निकुञ्जमा तैनाथ सुरक्षँ निकाय विगतमा २२ वटा पोष्टमा छरिएर बसेकोमा शसस्त्र द्वन्द पछि हाल दशवटा पोष्टहरू मात्र संचालनमा रहेका छन्। द्वन्द अघिको सुरक्षँ निकायले प्रयोग गरेका सबै पूर्वाधारहरू लामो समय प्रयोग विहीन भई मानीसहरूले तोडफोड पारेको र /वा काठ, छानामा प्रयोग भएका कर्कट जस्तापाता, बिजुलीका तार तथा अन्य संबद्ध वस्तुहरू, खाने पानीका धारा तथा पाइप, चर्पीमा राखिएका विविध सामग्री समेत चोरी लगेको तथा संरक्षण र मरम्मतको अभावमा अन्य झ्याल ढोकाका खापा, विद्युतीय तारहरू तथा शौचालयहरू पनि नष्ट

भएको अवस्थामा सूरक्षँ निकायका कर्मचारीहरू पनि पहिल्यैका पोष्टहरूमा बस्ने अवस्था नरहेको भन्दै नगएको अवस्थामा रा.नि. तथा व.ज.सं. विभागमा यस सन्दर्भमा जानकारी गराउदा यस आ.व.२०६७०६८ मा करिव पाँच लाखको व्यवस्था हुन सकेको कारणले ढकालचौर सेक्टरको जगात र मणीचुड सेक्टरको कुइकेल पोष्टको मर्मत संभारको कार्य सम्पन्न भएको छ। तर यी दुई पोष्टमा समेत सुरक्षँकर्मीको लागि सुत्नको लागि आवश्यक खाटको अभाव भएको र सो को व्यवस्थागर्न वजेट नभएको कारणले हाल सम्म पनि सुरक्षँकर्मी परिचालन नभएकोले गण संग सम्बाद हुदा खाट वनाउन कार्य हुदै छ निकट भविश्यमा सुरक्षँकर्मी परिचालन हुने भन्ने आश्वासन प्राप्त भएको । यस्तो अवस्थामा सिमित र निहत्था निजामती कर्मचारीहरूले मात्र प्रवेशद्वारमा बसी राजश्व उठाउंदा विगतमा कर्मचारीलाई हातपात गरेको र हाल कर्मचारीहरूलाई अटेर गरी राजश्व नतिरी हिड्ने, कर्मचारीलाई धम्क्याउने, संकलित राजश्व नै लुट्ने हुने तथा संकलित राजश्व जम्मा गर्न सार्वजनिक यातायातको साधनद्वारा राष्ट्र वैंक, थापाथलीमा जांदा राजश्व रकम चोरी भई कर्मचारीले पकाएको तलवबाट तिर्नुपर्ने जस्ता समस्या भ्रेल्नु परेको अवस्था छ। यसो हुंदा कर्मचारीहरू प्रवेशद्वारमा बस्न हिच्कीचाउने, कडाईका साथ राजश्व उठाउंदा आफूलाई विभिन्न अप्ठेरो पर्न सक्ने महसुस गरेकोले पनि प्रत्येक प्रवेशद्वारमा सुरक्षँ निकायका कर्मचारीहरू कम्तीमा राजश्व उठाउने समयमा ड्युटीमा बस्ने व्यवस्था हुन अति नै आवश्यक छ जस्को लागि आवश्यक भौतिक पूर्वाधार निर्माण हुनु आवश्यक छ। यसो भएमा कर्मचारीले सूरक्षँको प्रत्याभूती भई राजश्वमा समेत वृद्धि हुने हुन्छ।

वर्तमान अवस्थामा निकुञ्जका निजामती कर्मचारीको उपलब्धतालाई हेर्ने हो भने निजामती कर्मचारीबाट वन जंगलको प्रभावकारी गस्ती गर्न नसकिने अवस्था छ। यसका साथै सुरक्षँ निकायले पनि सबै पुराना पोष्टहरू नलिएको अवस्थाको कारणले हुनुपर्ने जति गस्ती नभइरहेको परिस्थितिमा निकुञ्ज भित्र चोरी शिकार तथा काठ दाउराको चोरी पनि बढि भइरहेको अनुमान गर्न सकिन्छ। यसर्थ यस निकुञ्जको संवेदनशिलताको ख्याल गरी मौजुदा कर्मचारी संगठन तालीकामा आवश्यक सूधार गरी कर्मचारीको संख्या बढाउनु पर्ने आवश्यकता छ। हुनत यस्को लागि विभागबाट Organisation and management को पुनरावलोकन सम्बन्धी कार्य आवश्यक कार्य सुरू भएको अवस्था छ । सो कार्य पुरा भई आवश्यक कर्मचारीको पदपूर्ती हुनुका साथै विगतमा सुरक्षँ निकायले संचालनमा ल्याएका सबै पोष्टहरूलाई संचालनमा ल्याई गस्ती तथा निरिक्षण कार्यमा बृद्धि गर्ने अवस्थाको सृजना गर्नु यस समस्याको समाधान हो।

## २. श्रोत, साधन तथा पूर्वाधारमा कमी

### क. कर्मचारी आवास

यस कार्यालयमा खटिई कामगर्ने कर्मचारीहरू नियमितरूपमा कार्यालय वा पोष्टमा बसी २४सै घण्टा कार्यरत रहनु पर्ने हुन्छ तर यस कार्यालय र अन्तर्गतका पोष्टहरूमा कर्मचारीहरूलाई बस्ने क्वार्टर नभएको वा भइहालेको अवस्थामा मरम्मत संभारको अभावले बस्न योग्य अवस्थामा नभएको वा अति नै अपुग रहेको छ। यसर्थ वजेट विनियोजन गर्दा पूर्वाधार निर्माणको लागि तथा मरमत संभारको लागि विशेष ध्यान दिनु जरूरी देखिन्छ।

### ख. सवारी साधन

यस कार्यालयमा यातायातका साधन पनि त्यत्तीकै कमी छ। भू तथा जलाधार योजनादेखीको एक पिकअप मुस्किलले चालु अवस्थामा छ। यसका अलावा  दुईवटा मोटर साइकलमात्र चालु अवस्थामा छन्। जिन्सी खातामा एफ.ए.ओ. प्रोजेक्टका समयका गाडीहरू देखिन्छन् तर तीनको आवश्यक कागजातको अभावमा लिलाम समेत गर्न सकिएको छैन। दुईवटा सेक्टर र आठवटा प्रवेशद्वार भएको शिवपुरी रा.नि. मा गोदावरीको मृग अनुसंधान केन्द्र र नागार्जुन क्षेत्र समेत थप हुंदा पनि श्रोत र साधन तथा पूर्वाधारमा थप भएन। प्रभावकारी संरक्षणको लागि सकेसम्म प्रत्येक सेक्टरको लागि एक गाडी र प्रत्येक प्रवेशद्वारमा एउटा मोटरसाइकल उपलब्ध गराउन सके प्रभावकारी संरक्षण हुने देखिन्छ।

### ग. निकुञ्जको पर्खाल

यस निकुञ्जको शिवपुरी क्षेत्रलाई घेरेर बनाइएको १११ कि.मि. लामो पर्खाल (जुन सामान्य ज्ञान डाइजेष्टमा समेत उल्लेख छ) बजेटाभावले गर्दा बनेदेखी हालसम्म मरम्मत सम्भार हुन नसक्दा भग्नावशेषमा परिणत हुंदैछ। जसले गर्दा निकुञ्ज भित्रका जंगली जनावरहरू (मुख्यगरी बंदेल प्रजाती) पर्खाल बाहिर निस्किएर स्थानिय वासिन्दाको बालीनाली नष्ट गरिदिन्छ। नोक्सानीको क्षतीपूर्ती वा राहतसमेत निकुञ्जले दिन नसक्दा  स्थानिय वासिन्दा र निकुञ्जबिच वैमनस्यता बढी संरक्षणमा चुनौती थपिएको छ। त्यसैगरी नागार्जुनको  पर्खाल समेत केही ठाउंमा भत्केको छ। समयमै त्यसको मरम्मत सम्भार भएमा त्यती ठूलो समस्या आउदैन अन्यथा यो पनि निकट भविश्यमै भग्नावशेषमा परिणत हुने छ। यसै गरी नागार्जुनमा रहेको इट्टाको पर्खाल समेत मर्मतको पर्खाइमा रहेको तर बजेट विनियोजन हुन नसकेको अवस्था छ ।

### घ. वनपथ

शिवपुरी तथा नागार्जुन दुवै क्षेत्रमा रिङ्गरोड आकारको वनपथ बनेकोमा बजेटाभावले गर्दा बनेदेखी यदाकदा मात्रै मरम्मत सम्भार भएको छ। जसले गर्दा वनपथमा मोटर चल्न सक्ने अवस्था छैन। परिणँमस्वरूप निकुञ्ज भित्र मोटरबाट छोटो समयमा गस्ती निरिक्षण हुन सकेको छैन। बाटोका बिचबिचमा विरूवाहरू हुर्केर रूख बनेका छन्। बाटो मरम्मत सम्भारको लागि बजेटको व्यवस्था हुन जरूरी छ।

## ३. गोदावरी मृग अनुसन्धान केन्द्र

ललीतपुर जिल्लाको गोदावरीमा रहेको मृग अनुसन्धान केन्द्रमा रतुवा मृग (भाले ४, पोथी १० र लिङ्ग नछुटीएको बच्चा १ गरी जम्मा १५) र चित्तलहरू (भाले २०, पोथी १८ र लिङ्ग नछुटीएको बच्चा २ गरी जम्मा ४०) रही रहेका छन्। उक्त मृग अनुसन्धान केन्द्रमा रहेका मृगहरूमा विशेष किसिमको अनुसन्धान कार्य नभएतापनि ती मृगहरूको रेखदेख तथा स्याहार सुसार र दानापानीको व्यवस्था गर्न यस कार्यालयका कम्तीमा ४ जना कर्मचारी खटाउनु परेको छ। चित्तलहरूको लैङ्गिक अनुपात पनि मिलेको छैन। पोथीको भन्दा भालेको संख्या बढी छ। यस अर्थमा पनि ती मृगहरूलाई यो अवस्थामा पालीरहनु भन्दा कि अध्ययन अनुसन्धानको कार्य

वैज्ञानिक हिसाबले गरिनु पर्दछ नत्र ती मृगहरूलाई प्राकृतिक वासस्थानमा पुनर्स्थापना गरि उक्त केन्द्रमा मृगको संख्या घटाउन उचित हुन्छ। केन्द्रलाई निरन्तरता दिने हो भने त्यहांका जिर्ण भएका Enclosures हरू मरम्मत गर्ने, सौर्य शक्तिबाट चल्ने Solar fencing लाई आवश्यक मर्मत सुधार गर्ने, Enclosures भित्रको वासस्थानमा भएका Unpalatable प्रजातीहरू र कांडाहरू हटाई व्यवस्थापन गर्ने कार्य हुन आवश्यक छ। त्यसको लागि समेत आवश्यक बजेटको व्यवस्थाहुनु अति जरूरी छ।

## ४. नागार्जुनको सुनौला कालिज (Golden Pheasants)

नागार्जुनको रानीवन क्षेत्रमा स्वर्गवासी तत्कालिन राजा श्री ५ विरेन्द्रले पालेका सुनौला कालिज (Golden Pheasants) हरू हाल (भाले ६३, पोथी ५० र लिङ्ग नछुटीएको चल्ला ४४ गरी जम्मा १५७) १५७ को संख्यामा छन्। विगतमा सो कालीज व्यवस्थापन गर्न जि.व.का. काठमाण्डौले रेञ्जर, खरिदार, सहलेखापाल र वन रक्षकहरू खटाएको र तत्कालीन शिकारी अड्डाबाट ६ जना शिकारीहरू उक्त कालीजहरूको रेखदेखको लागि खटाइएको रहेछ। हाल सो कालीज पालनको जिम्मा पनि निकुञ्जलाई सरेको अवस्थामा फेरी यस कार्यालयलाई कर्मचारीको कमीको चांप बढेको छ। त्यसैगरी कालीजलाई खुवाउने चारा पनि विशेष प्रकृतिको (काजु, किसमिस, बदाम, हरियो सागपात र अन्य दाना) दिनु पर्ने रहेछ। जस्को लागि पनि बढि वजेटको विनियोजन आवश्यक हुन्छ। यसै गरी कालीजले वर्षमा एक सिजन फुल पार्ने तर आफैले ओथारो बसी चल्ला नकाढ्ने भएकोले वर्षेनी ती फुलहरूबाट चल्ला कोरल्न ह्याचरीमा लानु पर्ने, लगिएका फुलहरूबाट अति कम संख्यामा चल्ला कोरलीने (गत वर्ष जम्मा ११ चल्ला प्राप्त भएको र यो वर्ष ४९ चल्ला प्राप्त भएकोमा ५ वटा चल्ला मरेको), कोरलिएका चल्ला हुर्काउन विशेष सावधानी तथा विशेष चाराको व्यवस्था गर्नुपर्ने । यसरी पालीएका कालीजहरू रा.नि. तथा व.ज.सं ऐनले न त विक्रि गर्न दिन्छ, न त ती कालीजलाई जंगलमा छाड्न नै मिल्छ ( जंगलमा छाडेमा तिनीहरू बांच्न गाह्रो हुने वा तिनीहरूबाट नेपालका रैथाने चरा प्रजातीमा विविध रोगहरू सर्ने सम्भावना का साथै यी प्रजाती Alien invasive species हुन सक्ने सम्भावना रहेकाले त्यस सम्बन्धमा लामो अध्ययन अनुसन्धान गरीनु पर्ने)। चराहरू राखिएका shade हरू पानी चुही चिसो भइ विभिन्न रोगहरूले आक्रान्त बनाइरहेको तर ती shade को मर्मत संभारको लागि श्रोतको अभाव रहेको ।

## ५. वन्यजन्तुबाट हुने क्षतीको क्षतीपूर्ति वा राहत

निकुञ्जमा रहेका वन्यजन्तुहरू पर्खाल भत्केको कारणले गर्दा निकुञ्ज बाहिर निस्कने र धन जनको क्षती वा त्रास बढाउने अवस्थाको सृजना भइरहेको छ। यस सम्बन्धमा विशेष गरी चितुवा र जंगली बंदेल प्रजातीको भूमिका बढि रहेको छ।

**चितुवा** : चितुवाहरू वस्तीमा निस्कने, जनमानसमा त्रास पैदा गराउने, त्यस्ता जनावरहरूलाई तत्काल उद्धार तथा पुनर्स्थापना गर्न आवश्यक संयन्त्र, श्रोत तथा साधनको व्यवस्था नभएको अवस्थामा उद्धार तथा पुनर्स्थापना छिटो छरितो रूपमा हुन नसक्दा एकातर्फ जनमानसमा संरक्षणको बारेमा नकारात्मक भावना बढ्न जाने अवस्थाको सृजना भएको छ भने अर्कातर्फ जनावर आफैलाई पनि खतरा बढ्दै जाने हुन्छ। यसैगरी उद्धार गरिएका मांसाहारी प्रजातीका

जनावरहरूलाई सुरूमा केन्द्रीय चिडियाखानामा राखी तत्कालै वा लामो समयपछी यस निकुञ्जमा छाडिने प्रथा रहेकोले पनि भविश्यमा ठूलो क्षती ल्याउने सम्भावना रहन्छ। यसर्थ, यस निकुञ्जमा हाल रहेका त्यस्ता प्रजातीको संख्या एकिन गरी थप कति संख्यामा जनावर छाड्न सकिन्छ सो निर्क्यौल हुनु पर्दछ। यदी मांसाहारी जनावर लामो समय चिडियाखानामा रहेर यस निकुञ्जमा पुनर्स्थापना गरिनु पर्ने भएमा त्यस्ता जनावरलाई रेडियो कोलार लगाई केही समयसम्म अनुगमन गरी आवश्यक भएमा क्षणिक समयसम्म कृत्रिम खानाको समेत व्यवस्था गरी सो जनावरको बांच्ने अवस्थाको सुनिश्चितता गरिने व्यवस्था हुनु पर्दछ।

**बँदेल** : यस निकुञ्जमा बढि भन्दा बढि बालीनाली क्षती पुऱ्याउने जंगली जनावरमा बंदेल पर्दछ। विभिन्न ठांउमा पर्खाल भत्केको र सो को मरम्मत सम्भारको लागि समय समयमा आवश्यक बजेट विनियोजन हुन नसक्दा सहज रूपमा बंदेलहरू निजी जग्गामा प्रवेश गरी बालीनाली नोक्सानी हुने गरेको छ। यसरी नोक्सान गरिएको बालीनालीको क्षतीपूर्ति वा राहत राज्यले उपलब्ध गराउन नसकेको कारणले पनि स्थानिय बासिन्दा र निकुञ्ज बिच विवाद बढि संरक्षणमा चुनौती थपिएको छ।

खण्ड ३५ संख्या २१ नेपाल राजपत्र भाग ३ मिति २०४२।०५।१७ मा प्रकाशित सूचना अनुसार राष्ट्रिय निकुञ्ज तथा आरक्षसंग जोडिएको खेत बारीमा आउने जगली बंदेललाई हानीकारक घोषणा गरिएकोमा सो प्रावधान हालसम्म पनि कायमै हो वा होइन सो को स्पष्ट निर्देशन यस कार्यालयलाई प्राप्त हुन सकेको छैन।

## ६. सिमा व्यवस्थापन

नँगार्जुन क्षेत्र वरिपरि पर्खाल भए तापनि बालाजुदेखि मुड्खुसम्म उक्त पर्खाल वाहिर पासाङ ल्हामु राजमार्ग भन्दा मुनिसम्म रहेको निकुञ्ज क्षेत्रलाई सिमांकन गरी व्यवस्थित गर्न सकिएको छैन। फलस्वरूप राजमार्ग भन्दा मुनि बग्रेल्ती खुलेको लज रेष्टुरेन्टहरूले उक्त बहुमुल्य जग्गालाई अतिक्रमण गरेको अवस्था छ। नागार्जुन क्षेत्र निकुञ्जमा गाभिए तापनि उक्त क्षेत्रका चारकिल्ला लगायत विगतमा भए गरेका गतिविधिहरूको अभिलेख जिल्ला वन कार्यालय, काठमाण्डौले हालसम्म यस कार्यालयलाई उपलब्ध गराउन नसकेको अवस्था छ । यसर्थ उक्त क्षेत्रको व्यवस्थापन गर्न कठिनाई उत्पन्न भएको छ।

फूलवारी गेट प्रवेशद्वारमा पोष्ट भवन अति नै सानो भएकोमा पूर्व राजाका सुरक्षँकर्मीहरूले सो ठाउमा सुरक्षँ चेकजाँचको लागि बस्ने गर्दा निकुञ्ज क्षेत्रको भ्रमणँर्थ आउने वा विभिन्न साहसिक खेलको लागि आउने आगन्तुकहरूको प्रवेश दस्तुर संकलन तथा आवश्यक प्रवेश अनुमति प्रदान गर्न समेत स्थानाभावले गर्दा असहज भइरहेको छ । सो स्थानमा आवश्यक फर्निचर तथा संकलित राजश्व तथा प्रवेश टिकटहरू सुरक्षीतरूपले राख्न सेफको समेत अभाव रहेको छ । फूलवारी गेट नजिक रहेको पुरानो रेञ्जपोष्ट भवन चर्केको र सो को पुनर्निर्माणँर्थ श्रोत नभएको अवस्था छ । खानेपानीको व्यवस्था नभएकोले कर्मचारीहरूलाई अती कठिन अवस्था रहेको छ । मुड्खु, सोनागाँउ, इचंगु, रानीवनमा नया पोष्ट स्थापना गर्न आवश्यक पूर्वाधारहरू निर्माण हुन र कर्मचारी खटाउने कार्य हुन सकेको छैन ।

जामाचोमा गुम्बा रहेको र सो गुम्बामा राखिएको दानपात्र (बाकस) चोरी भएको तथा त्यहा खटाइएका शिकारी अड्डाका कर्मचारीहरूलाई सांघातिक आक्रमण भएकोमा कर्मचारीहरूलाई कुनै प्रकारको क्षतीपूर्ती वा राहत समेत उपलब्ध नभएकोले सानो संख्यामा हतियार विहिन कर्मचारीहरू त्यहा बसेर कामकाज गर्न नसक्ने अवस्था छ । नागार्जुनमा आवश्यक साइनबोर्ड, साइनेज तथा संकेतहरू समेत वजेटाभावले राख्न नसकेको अवस्था छ । यस क्षेत्रमा रहेका विभिन्न मठ, मन्दीर गुम्वाहरूको आवश्यक मर्मत संभार गर्न सकिएको छैन ।

## ७. नागार्जुन क्षेत्रमा रहेको सुरक्षा निकाय

पूर्व राजा ज्ञानेन्द्र शाहको सुरक्षार्थ शसस्त्र प्रहरी, र नेपाली सेना समेत कार्यरत छ। यसका अलावा निकुञ्ज क्षेत्रको सुरक्षार्थ नेपाली सेनाको एक गण कार्यरत रहेको हुंदा उक्त क्षेत्रको व्यवस्थापन गर्न समन्वयमा कठिनाई उत्पन्न भएको छ। पूर्व राजाको निवासलाई निकूञ्ज क्षेत्र वाहिर पारेर वा अन्य उपयुक्त व्यवस्था गरेर समस्याको दीर्घकालीन समाधानार्थ पहल हुन जरूरी छ।

विगतमा उक्त क्षेत्रमा नेपाली सेनाको एउटा गुल्म मात्र कार्यरत रहेकोमा हाल एउटा सिंगो गण नै खटिएको छ। जम्मा १५ व.कि.मी. क्षेत्रमा एउटा गण नै कार्यरत रहंदा यसले जैविक विविधतामा नकारात्मक प्रभाव पार्दछ । सानो क्षेत्रको संरक्षणको लागि त्यत्रो संख्यामा सेना खटिनुलाई संरक्षणको दृष्टिबाट जायज मान्न सकिदैन। यस तर्फ शीघ्र ठोस कार्यवाही हुन आवश्यक छ।

## ८. गणसंगको समन्वय

सहजताको हिसाबले निकुञ्ज र गण/गुल्मको हेडक्वार्टर एकै ठाउंमा रहने प्रचलनको विपरीत यहां निकुञ्जको हेडक्वार्टर पानीमुहान र गणको हेडक्वार्टर टोखामा र नागार्जुनमा भएको कारणले दुईवटा निकायले नङ र मासु जस्तै सम्बन्ध राखेर काम गर्नुपर्नेमा कहिलेकाही तालमेलको अभाव भएको देखिन्छ। दूरीको कारणले कर्मचारीले निरन्तर रूपमा संरक्षण सम्बन्धी सूचना/जानकारी यथेष्ट मात्रामा पाउने गरेको छैन।

## ९. जि.वि.स. तथा अन्य सरकारी निकायबाट हुने विकाश निर्माण कार्यहरू

यस निकुञ्ज काठमाण्डौ देखि सबभन्दा नजीकको संरक्षित क्षेत्र भएको हुनाले निकुञ्जको क्षेत्रलाई प्रयोग गरेर बाटोघाटो लगायतको पूर्वाधारहरू निर्माण गर्न बारम्बार प्रयास हुने गरेको छ। त्यस क्रममा वातावरण संरक्षण ऐन र रा.नि.तथा व.ज.स. ऐन, २०२९ का प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्न नखोज्ने र त्यसो गर्न लगाउंदा समयमा काम सम्पन्न हुन नसक्ने हुंदा यस कार्यालयलाई विकास विरोधीको रूपमा चित्रण गरिन्छ। विभिन्न राजनैतिक दलहरूबाट समेत नियम विपरितका कार्य गरिदिन भन्दै खटिएका कर्मचारीहरूलाई अनावश्यक दवावहरू आइरहने गर्दछन् । तसर्थ जि.वि.स. लगायत भौतिक पूर्वाधारको विकासमा संलग्न हुने संस्थालाई कानूनको मर्म अनुरूप कार्य गरिदिन र

अन्तिम क्षणमा अनावश्यक दबाब श्रृजना नहुने व्यवस्थाको लागि वन तथा भू-संरक्षण मन्त्रालय र रा.नि.तथा व.ज.सं. विभागबाट समेत आवश्यक पहल हुन आवश्यक छ।

## ११. डढेलो

निकुञ्ज वरीपरीका वस्तीहरूमा रहेका न्यून आय भएका वासिन्दाहरू दैनिक वन उपजका लागि निकुञ्जमा आश्रीत रहेकाले गस्ती तथा संरक्षण कार्य प्रभावकारी रूपले गरेमा कर्मचारीहरूलाई दुख दिने नियतले वनमा डढेलो लगाइदिने र डढेलोले अत्यधिक नोक्सानी पुऱ्याउने तर त्यसको सामना गर्न कर्मचारीहरूलाई तालीम तथा भौतिक संयन्त्र तथा उपकरणको व्यवस्था तथा उपलब्धता हुन सकेको छैन।

## १२. निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा तथा मध्यवर्ती फांटको व्यवस्था

यस निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गर्ने सम्वन्धी कार्यको लागि बजेट विनियोजन हुन नसकेको। तसर्थ यस निकुञ्जको प्रभावकारी रूपमा संरक्षण र व्यवस्थापनको लागि मध्यवर्ती क्षेत्र घोषणा, व्यवस्थापन योजनाको तयारी र प्रारम्भीक बातावरणीय परिक्षण तथा मध्यवर्ती क्षेत्रको कार्यको लागि जनशक्तिको व्यवस्था लागायतको कार्यलाई प्राथमिकता दिई मध्यवर्ती क्षेत्र घोषणा गर्नको लागि समेत पहलहुन अनुरोध गर्दछु।

## १३. वन्यजन्तुको उद्धारको व्यवस्था

निकुञ्ज वरीपरी बन्यजन्तुको उद्धार सम्वन्धी कार्यको लागि विभिन्न व्यक्ति तथा संस्थाहरूले समय समयमा यस कार्यलयलाई अनुरोध गर्ने गरेको तर सो कार्यको लागि यस कार्यलयमा विशेष कार्यक्रम, कर्मचारी र पर्याप्त श्रोतको अभावमा सूचना प्राप्त हुनासाथ त्यस सम्वन्धी समस्या समाधानमा कठिनाई भैरहेको छ।

## १४. सिमसारको व्यवस्थापन

यस निकुञ्ज भित्र विभिन्न खालका सिमसारहरू रहेको तर तिनिहरूको प्रभावकारी व्यवस्थापन हुन नसकेको अवस्था छ । श्रोतको अभावमा सो कार्य प्रभावकारी नभएको र विभिन्न संस्थाहरूसंग सो को लागि समन्वय भइरहेको छ ।

## १५. सिमानाका रूखहरू हटाइदिन माग

निकुञ्ज सिमाना नजिक बस्ती बढ्दै आएको र नजिकका रूखहरूले धन जनको क्षती हुने भनि सा हटाइदिन माग बढिरहेको । सो कार्य गर्न आवश्यक पर्ने वजेट तथा सो पश्चात हटाइएको काठलाई ढुवानी गर्न समेत श्रोत र साधनमा कमी छ ।

## १६. नीतिगत समस्या

### क. शाहसिक खेलकुदको दस्तुर

हालै वन तथा भू संरक्षण मन्त्रालयबाट स्वीकृत शाहसिक खेलकुदको दस्तुर विदेशी नागरिकको हकमा प्रतिदिन US $ को दरमा लिन पर्ने प्रावधान रहेको। यो कारणले गर्दा फिल्डमा रहेका पोष्ट तथा प्रवेशद्वारहरूमा संचारको सुविधा नरहेको, पत्र पत्रिकाको पंहुच नभएको तर पनि पोष्ट तथा प्रवेशद्वारहरूले US $ को विनिमय दर प्रत्येक दिन थाहा पाउनै पर्ने वाध्यात्मक अवस्थाको सृजना भएको। यो नहुने वित्तिकै संकलित राजश्वको बारेमा आ.ले.प./म.ले.प. बाट समस्या/झमेला हुने संभावना रहेको छ।

Mountain Biking को दस्तुर गाडीको भन्दा बढि हुनुले सर्वसाधारणहरूबाट समेत गुनासो आउने गरेको छ।

यसै गरी निकुञ्ज प्रवेश दस्तुर प्रति प्रवेश नेपालीका लागि रू. १० र विदेशीका हकमा रू. २५० पनि धेरै समयदेखी पुनरावलोकन नभएकोले निकुञ्जमा जनचाँप अत्यधिक परेको छ। अन्य संरक्षीत क्षेत्रहरूमा SAARC देशका पर्यटकहरूलाई तेश्रो विश्वका पर्यटकहरूलाई भन्दा छुट्टै दर रहेको तर यस निकुञ्जमा सो प्रावधान नरहेकोले SAARC देशका पर्यटकहरूबाट गुनासो आउने गरेको ।

### ख. निकुञ्जको छुट्टै नियमावली तयार गर्ने (PES को अवधारणाँ)

यस निकुञ्जको लागि छुट्टै नियमावली स्विकृत गरी लागू गर्न आवश्यक देखिएकोले सो कार्य समेत प्रथमिकतामा राखी आवश्यक बजेट व्यवस्थाको पहल हुनु जरूरी छ। साथै यस निकुञ्जबाट व्यापारीक प्रयोजनमा प्रयोग हुने पानी तथा अन्य प्राकृतिक श्रोतहरूमा Paying for Environmental Services को अवधारणाँ लागु हुनु अति जरूरी भएको छ।

### ग. चोरी शिकार प्रतिरोध ईकाइको व्यवस्था

यस निकुञ्जमा चोरी शिकार प्रतिरोध इकाई गठन गरी नियमित कार्य सञ्चालन गर्न गराउन बजेट र कर्मचारीको अभाव भएको छ।